मोदी गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
पातिचौर,पर्वत
गण्डकी प्रदेश,नेपाल

**ढुङ्गा,बालुवा गिट्टी,रोडाको कर तथा बिक्री शुल्क उठाउँने ठेक्का बन्दोवस्त सम्वन्धी सिलबन्दी दरभाउपत्र आवाह्नको सूचना ।**

**प्रथम पटक प्रकाशित मिति २०७८/०५/२२ गते**

मोदी गाँउपालिका,गाउँ कार्यपालिकाको कार्यालयवाट स्थानीय सरकार संचालन ऐन,२०७४ को परिच्छेद-३,दफा ११ (घ) बमोजिम चालु आ.ब.२०७८/७९ का लागि तपशिल बमोजिमका नदीजन्य पदार्थ ढुङ्गा,वालुवा गिट्टी,रोडाको आय संकलन ठेक्का पट्टाको माध्यमबाट गर्नुपर्ने भएकोले ठेक्का पट्टा गर्नका लागि योग्य फर्म वा कम्पनीले तपशिलमा उल्लेखित कागजपत्रहरु संलग्न राखि तपशिलमा उल्लेखित मिति र समय भित्र यस कार्यालयमा सिलवन्दी दरभाउपत्र फारम खरिद वापत तोकीएको रकम(फिर्ता नहुने गरी) बुझाई सिलबन्दी दरभाउपत्र फाराम यस कार्यालयबाट खरिद गरी मु.अ.कर सहितको कूल कबोल रकम को ५ % (पाँच प्रतिशत ) ले हुन आउने रकम धरौटी स्वरुप यस कार्यालयको नाममा रहेका नेपाल बैंक लिमिटेड कुश्मा शाखामा रहेको खाता नं ग-३-० ०६६०३००००३०००००००२ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा कम्तिमा ७५ दिन म्याद भएको वाणिज्य बैंक वा बित्तिय संस्थाले यस कार्यालयको नाममा जारी गरेको बैंक ग्यारेन्टी संलग्न राखी सिलवन्दी दरभाउपत्र फाराम पेश गर्न सकिने गरि यो आन्तरिक आय संकलन सम्वन्धी सूचना प्रकाशित गरिएको छ ।

## तपसिल

| ठेक्का नं | वडा नं. | बगरको नाम | उत्खनन् हुने अधिकतम परिमाण घ.मी. | न्यूनतम रकम कर बाहेक (रु) | सिलबन्दी दरभाउपत्र दस्तुर | सिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम मिति र समय | सिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|---|
| 01/MRM/BAGAR/078-79 | ३,५ | टिमुरे बगर,पाउँदुर खेत बगर, पातिखोला | ८५२।०० | २,१०,४५४।९६ | १,०००।०० | २०७८/०६/०५ समय : ५ बजे सम्म | २०७८/०६/०६ समय : १२ बजे सम्म |
| 02/MRM/BAGAR/078-79 | ३,५ | काका बगर, धमिनी बगर पातिखोला | ३,४०२।०० | ८,४०,३३७।७६ | १,०००।०० | २०७८/०६/०५ समय : ५ बजे सम्म | २०७८/०६/०६ समय : १२ बजे सम्म |
| 03/MRM/BAGAR/078-79 | ३,५ | ज्यमिरे कमेरे बगर, पातिखोला | ४,७००।०० | ११,६०,९६०।४६ | १,०००।०० | २०७८/०६/०५ समय : ५ बजे सम्म | २०७८/०६/०६ समय : १२ बजे सम्म |
| 04/MRM/BAGAR/078-79 | २,३,५ | ढाँड बगर, चौर बगर, अम्योट बगर पातिखोला | २,३१७।५० | ५,७२,४५२।३१ | १,०००।०० | २०७८/०६/०५ समय : ५ बजे सम्म | २०७८/०६/०६ समय : १२ बजे सम्म |
| 05/MRM/BAGAR/078-79 | ६ | सिम्ले बगर, रतिखोला | १,०५०।०० | २,५९,३६३।५१ | १,०००।०० | २०७८/०६/०५ समय : ५ बजे सम्म | २०७८/०६/०६ समय : १२ बजे सम्म |
| 06/MRM/BAGAR/078-79 | ६ | ठाडाखोला बगर, बगुवा बगर / सिमलदाले बगर रतिखोला | १,०७४।०० | २,६५,२९१।८२ | १,०००।०० | २०७८/०६/०५ समय : ५ बजे सम्म | २०७८/०६/०६ समय : १२ बजे सम्म |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 07/MRM/BAGAR/078-79 | ६ | लिदीखोला बगर/ शेरा पुच्छर बगर रतिखोला | २,०७९।०० | ५,१३,५३९।७४ | १,०००।०० | २०७८/०६/०५ समय : ५ बजे सम्म | २०७८/०६/०६ समय : १२ बजे सम्म |
| 08/MRM/BAGAR/078-79 | ६ | निउरेनी खरीबोट बगर, रिठाबट माइको थान बगर रतिखोला | १,२७६।५० | ३,१५,३११।९२ | १,०००।०० | २०७८/०६/०५ समय : ५ बजे सम्म | २०७८/०६/०६ समय : १२ बजे सम्म |

<u>शर्त तथा बन्देजहरु</u>

१.खरिद भएका सिलबन्दी दरभाउपत्रहरुको प्रत्येक पानामा सहिछाप र खाम शिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना र ठेक्काको नाम लेखि माथि उल्लेखित मिति र समय भित्र आवश्यक कागजातहरु(फर्म दर्ता प्रमाणपत्र प्रतिलिपि,ठेक्कापट्टाको कार्य गर्न जारी नविकरण भएको इजाजत पत्रको प्रमाणित फोटोकपी,मु.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित फोटोकपी,करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि २०७७/७८ सम्म वा म्याद थपको प्रमाणपत्र) सहित खामबन्दी गरी यस कार्यालयमा सिलबन्दी दरभाउपत्र पेश गर्न सकिने छ। दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु सुचना प्रकाशन भएको मितिले १६ औ दिनको २:०० बजे यस कार्यालयमा सिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिने छ। सिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सो सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

२.ठेक्का स्वीकृत पश्चात तोकिएको समय भित्र सम्झौता हुनु पुर्व कबोल रकमको कम्तिमा ५० % कर सहितको रकम सम्झौता गर्न आउंदा यस कार्यालयको खातामा जम्मा गरिसकेको हुनुपर्नेछ। ५० % रकमको हकमा कार्य सम्पादन जमानत उपलब्ध गराउन मान्यता प्राप्त,वाणिज्य बैंक वा वितिय संस्थाबाट यस कार्यालयको नाममा जारी गरिएको २०७९ असार मसान्त सम्म म्याद भएको कार्य सम्पादन जमानत पेश गर्नु पर्नेछ। उक्त कार्य सम्पादन जमानत बराबरको रकम २०७८ फाल्गुन मशान्त भित्रमा यस कार्यालयको खातामा जम्मा गरिसक्नु पर्नेछ।

३.यस सूचना अनुरुप नदिजन्य पदार्थको कर तथा बिक्री शुल्क रतिखोला र पातिखोलामा जेष्ठ ३०,२०७९ सम्म उठाउन पाईने छ।

४.नदीजन्य पदार्थ निकासी गर्दा राष्ट्रिय र सहायक राजमार्गलाई असरपर्ने गरी सडक निर्माण गर्न पाईने छैन र असर नपर्ने गरी निर्माण गर्नु परेमा निर्माण गर्दा लाग्ने खर्च सिलबन्दी दरभाउपत्र दाता स्वयंले व्यहोर्नु पर्नेछ।

५.ढुङ्गा,ग्राभेल,गिट्टी,रोडा,चोकर,वालुवा आदि उत्खनन एवं संकलन कार्यमा मेशिन प्रयोग गर्न निषेध गरिएको छ।

६. सिलबन्दी दरभाउपत्रका सम्बन्धमा थप केही बुझ्न परेमा कार्यालय समयमा राजश्व शाखामा सम्पर्क गरी बुझ्न सकिने छ। साथै बिस्तृत विवरण सिलबन्दी दरभाउपत्र फाराम साथ उपलब्ध गराइनेछ।

७.अनुगमन समितिको निर्णय बमोजिम निर्धारण गरिएको क्षेत्रमा सिलबन्दी दरभाउपत्र दाता आफैले संकलित सामाग्रीको घाटगद्धी गरेर मात्र बिक्री वितरणको व्यवस्था मिलाउनु पर्नेछ। घाटगद्धी गर्दा लाग्ने खर्च सिलबन्दी दरभाउपत्रदाता स्वयंले नै व्यहोर्नु पर्नेछ।

८.स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनमा उल्लेखित विषयहरु पालना गर्नुपर्ने शर्तहरु जोखिम न्यूनिकरणका लागि तोकिने मापदण्डहरु प्रत्येक क्षेत्रबाट उठाउन सकिने प्राकृतिक स्रोत ढुङ्गा,ग्राभेल,गिट्टी,रोडा,चोकर,वालुवाको परिमाण समेतका विषयहरु सोही (IEE) प्रतिवेदनले निर्दिष्ट गरे बमोजिम हुनेछन् तिनको पालना गर्नु सिलबन्दी दरभाउपत्रदाताको कर्तव्य हुनेछ।

९.सिलबन्दी दरभाउपत्र खरिद वा दाखिलाको अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्टलाई अन्तिम दिन मानिने छ।

१०. सिलबन्दी दरभाउपत्र पूर्ण वा आशिंक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यालयमा निहित रहने छ। कार्यालयले आवश्यक नठानेमा जुन सुकै चरणमा पनि आशिंक वा पुरै सिलबन्दी दरभाउपत्र प्रकिया रद्द गर्न सक्नेछ। यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ। नेपाल सरकार, प्रदेश सरकार र गांउपालिकाले समय समयमा दिएका निर्देशनहरु पालना गर्नु सिलबन्दी दरभाउपत्रदाताको कर्तव्य हुनेछ।

बहादुर क्षेत्री
प्रमुख प्रशासकीय अधिकृत